# पुतलीबजार नगरपालिका
## नगरकार्यपालिका वैठक

वैठक संख्याः १००
मिति २०८०।११।१४

पुतलीबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय स्याङ्जा २०७३

**वैठकका प्रस्तावहरुः**

१. विगतको कार्यपालिका वैठकको निर्णयहरुको कार्यान्वयनको समिक्षा सम्वन्धमा ।
२. मगर दिवस सम्वन्धमा ।
३. बजेट तथा योजना कार्यान्वयन सम्वन्धमा ।
४. कर्मचारीको ईन्धन सम्वन्धमा ।
५. पुतलीबजार नगरपालिका स्वास्थ्य बिमा संयोजन समिति गठन/सञ्चालन कार्यविधि २०८० सम्वन्धमा ।
६. स्थानीय तहस्तरीय भूमिहीन तथा अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समिति गठन सम्वन्धमा ।
७. विपद् व्यवस्थापन कोषवाट योजना छनौट सम्वन्धमा ।
८. **BM /TPB Foundation** को प्राविधिक सहयोगमा आँखा शिविर सञ्चालन सम्वन्धमा
९. राजश्व रकम फिर्ता सम्वन्धमा ।

**निर्णय नं १**

प्रस्ताव नं १ माथि छलफल गर्दा गत मिति २०८०/१०/३ को कार्यापालिकाको वैठकवाट भएका निर्णयहरुको समीक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

**निर्णय नं २**

प्रस्ताव नं २ माथि छलफल हुँदा यही मिति २०८० साल फागुन १५ गतेका दिन यस नगरपालिकामा वसोवास गर्ने मगर जातिले समेत ४२ औ मगर दिवसको रुपमा मनाउने भएको हुँदा २०८० साल फागुन १५ गते मंगलवारका दिन मगर दिवसको उपलक्ष्यमा मगर दिवसको उपलक्ष्यमा हार्दिक शुभकामना सहित नगरपालिका र अन्तगतका कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था, शिक्षण संस्था तथा वैंक तथा  वित्तिय संस्थाहरुमा सार्वजनिक विदा गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

प्रस्ताव नं ३ माथि छलफल गर्दा महालेखा नियन्त्रक कार्यालय बजेट कार्यान्वयन तथा शोधभर्ना शाखावाट कोष तथा लेखा नियन्त्रक कार्यालयहरुलाई गरेको च.नं. १०६ मिति २०८०/१०/२६ को परिपत्र अनुसार स्थानीय तहमा तेस्रो किस्ता वित्तिय समानीकरण अनुदान हस्तान्तरण गर्दा वार्षिक विनियोजित बजेटको ५५.२५ पचपन्न दशमलव सात तीन दुई पाँच प्रतिशतमा नवढ्ने गरी



२०८०-११-१४
हरिराम नागिला
प्रमुख प्रशासकीय अधि

हस्तान्तरण गर्ने तथा चौथो किस्ताको हकमा २०८० चैत्र मसान्त सम्मको राजश्व संकलनको अवस्थाको आधारमा हुने उल्लेख भएको साथै संघ तथा प्रदेशवाट राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम र आन्तरिक आय समेत लक्ष्य अनुसार संकलन हुने नदेखिएकोले चालु आर्थिक वर्षको लागि स्वीकृत योजना तथा कार्यक्रम मध्ये हालसम्म सम्झौता हुन नसकेका योजनाहरु हाललाई सम्झौता नगर्ने निर्णय गरियो ।

**निर्णय नं ४**

प्रस्ताव नं ५ माथि छलफल गर्दा नगरकार्यपालिकाको मिति २०८०/०६/१८ गतेको निर्णयवाट नगरपालिकामा कार्यरत कर्मचारीलाई ईन्धन सुविधावापत मासिक ५ पाँच लिटर ईन्धन उपलव्ध गराउने निर्णय भएकोमा उक्त निर्णय कार्यान्वयन गर्दा फिल्डमा खटिईरहनु पर्ने कर्मचारीहरुलाई थप ईन्धन आवश्यक पर्ने देखिएकोले कर्मचारीको तह कार्य जिम्मेवारी तथा फिल्ड कार्यलाई समेत मध्य नजर राख्दै आवश्यकता अनुसार प्रमुख प्रशासकीय अधिकृतले ईन्धन सुविधा उपलव्ध गराउन सक्ने गरी व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं ५**

प्रस्ताव नं ५ माथि छलफल गर्दा पुतलीबजार नगरपालिका स्वास्थ्य बिमा संयोजन समिति गठन/सञ्चालन कार्यविधि २०८० स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ६**

प्रस्ताव नं ६ माथि छलफल गर्दा भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीहरुको लगत संकलन गर्ने कार्यविधि २०७८ को दफा ४ को उपदफा १ बमोजिमको स्थानीय तहस्तरीय भूमिहिन तथा अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समिति गठन गर्ने र उक्त समितिको सदस्यमा कार्यापालिकाको तर्फवाट कार्यापालिका सदस्य श्री अनिता रुचाल र श्री चिजा दर्जीलाई तोक्ने निर्णय गरियो । साथै उपदफा २ बमोजम वडास्तरीय भूमिहिन तथा अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समिति गठन गर्ने वडा समितिलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं ७**

प्रस्ताव न ७ माथि छलफल गर्दा पहिरोको कारण जोखिम युक्त भई संरक्षण कार्य गरिदिन अनुरोध भई आएका निम्न योजनालाई विपद् व्यवस्थापन कोषवाट खर्च गर्ने गरी छनौट गर्ने निर्णय गरियो ।

| क्र.स. | योजनाको नाम | ठेगाना | रकम |
|---|---|---|---|
| १ | वडा कार्यालय भवन संरक्षण | पु व न पा ८ | २५००००। |
| २ | आँधीखोला कोरिडोर अन्तरगत गैरीजाँगरमा वृहस्पती अर्यालको घर संरक्षण | पु व न पा १३ | २०००००। |
| | | | |

२०८०-११-१४
हरिराम नागिला
प्रमुख प्रशासकीय अधिकृत

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा
२०७३

**निर्णय नं ८**

प्रस्ताव न ८ माथि छलफल गर्दा यस नगरपालिकको आयोजना र **BM /TPB Foundation** को प्राविधिक सहयोगमा आँखा शिविर सञ्चालन गर्न **BM /TPB Foundation** को तर्फवाट अनुरोध भई आएकोले तपशिल बमोजिमका स्थान र मितिमा आँखा शिविर सञ्चालन गर्ने निर्णय गरियो ।

| क्र. स. | शिविर सञ्चालन गर्ने स्थान | मिति |
|---|---|---|
| १ | श्री कालिका माध्यामिक विद्ध्यालय पु व न पा १३ | २०८०/११/२२ |
| २ | श्री कोल्मा बराहचौर माध्यामिक विद्ध्यालय पु व न पा ९ | २०८०/११/२३ |
| ३ | श्री हिमालय माध्यामिक विद्ध्यालय पु व न पा ६ | २०८०/११/२४ |

**निर्णय नं ९**

प्रस्ताव न ९ माथि छलफल गर्दा कार्यालयको २०८०/१०/२३ को निर्णय बमोजिम लहरे बालीको बीउ तथा पोलिव्याग र नर्सरी प्लाष्टिक खरीद प्रक्रिया रद्द भएकोले दरखास्त पेश गर्ने फर्महरुको राजश्व रकम फिर्ता गर्ने निर्णय गरियो ।

**निर्णय नं १०**

प्रस्ताव न १० माथि छलफल गर्दा नेपाल सरकार खानेपानी तथा ढल व्यवस्थापन विभाग, गण्डकी प्रदेश उर्जा, जलश्रोत तथा खानेपानी मन्त्रालय र स्थानीय सरकारको तर्फवाट तथ्याङ्क आदानप्रदान, खानेपानी सरसफाई तथा स्वच्छता योजना तयारी र सूचना व्यवस्थापन प्रणाली **NWASH/MIS** मा प्रविष्ट गर्ने समझदारी भए अनुसार सो कार्यका लागि गणक छनौटको कार्य २०८० फागुन चौथो हप्तामा सम्पन्न गरिसक्नु पर्नेमा विविध कारणवश ढिलाई हुन पुगेको छ । उक्त कार्य गर्न पुतलीबजार नगरपालिका करारमा कर्मचारी छनौट कार्यविधि अनुसार १५ दिनको सूचना प्रकाशन गर्न समय अभाव भएकोले गणक छनौटको लागि ७ दिनको म्याद दिई दरखास्त आव्हानको सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

२०८०-११-१४

हरिराम नागिला
प्रमुख प्रशासकीय अधिकृत